राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३७ २०८२ भदौ ९ गते सोमवार (25 Aug. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## जनकपुरधाममा गणेश पूजनोत्सवको भव्य तयारी



दैनिक समाचारदाता

जनकपुरधाम, ८ भदौ। धार्मिक, सांस्कृतिक तथा सामाजिक गतिविधिका लागि ख्यातिप्राप्त जनकपुरधाममा यस वर्ष पनि गणेश पूजनोत्सवको भव्य तयारी भइरहेको छ। हरेक वर्ष झैँ यसपटक पनि गणेश युवा कमिटीले उत्सवलाई भव्य एवं आकर्षक बनाउन विशेष पहल अघि सारेको छ।

कमिटीका अध्यक्ष सन्तोष कुमार महतोका अनुसार, जनकपुरधाम उपमहानगरपालिकाभर गणेश पूजनोत्सव हर्षोल्लासका साथ मनाइने परम्परा रहेको छ। चार दिनसम्म चल्ने यस महोत्सवमा हजारौंको संख्यामा श्रद्धालुहरूले पूजा-अर्चना, दर्शन तथा सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउने गर्दछन्। यस उत्सवको विशेषता भनेकै यसलाई महिलाहरूको तीज पर्व र चौठचन्द्रसँग एकैपटक मनाइने परम्परासँग जोडिनु हो। अध्यक्ष महतोले भने, "धार्मिक, सांस्कृतिक तथा सामाजिक क्षेत्रमा यो कमिटीले निरन्तर योगदान दिँदै आएको छ। प्रत्येक वर्ष पूजनोत्सवलाई नयाँ शैली र भिन्न आकर्षणका साथ मनाउने हाम्रो प्रयास रहन्छ।"

जनकपुरधाम उपमहानगरपालिका-४ स्थित रामचोकमा स्थापना गरिएको भव्य गणेश मन्दिर यस पर्वको प्रमुख केन्द्रबिन्दु हो। केही वर्षअघि निर्माण गरिएको यस मन्दिरले न केवल स्थानीय भक्तजनलाई, तर देश-विदेशका आगन्तुक पर्यटकलाई समेत आकर्षित गर्दै आएको छ।

चार दिनसम्म चल्ने यस उत्सवमा धार्मिक पूजापाठसँगै सांस्कृतिक कार्यक्रम, भजन-कीर्तन, समाजसेवी गतिविधि र सामुदायिक भेटघाट हुने जनाइएको छ। यसले सामाजिक एकता र धार्मिक सौहार्दलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ।

कमिटीले नगरवासी, श्रद्धालु तथा पर्यटक सबैलाई यसपटकको गणेश पूजा, चौठचन्द र तीज पर्व एकैसाथ अनुभव गर्न आग्रह गर्दै उपस्थित भएर उत्सवलाई सफल बनाउन अनुरोध गरेको छ।

# जनकपुरधाममा जसपा नेपालको भव्य प्रदर्शन, सरकारलाई चेतावनी




दैनिक समाचारदाता

जनकपुरधाम, ८ भदौ । जनकपुरधाममा जनता समाजवादी पार्टी नेपालका नेता तथा कार्यकर्ताहरुले भव्य प्रदर्शन गरेको छ ।

जसपा नेपाल धनुषाको आयोजनामा भएको विरोध प्रदर्शन जनकचोकबाट शुरु भई भानुचोक, कदमचोक, विद्यापति चोक हुँदै पुनः जनकचोकमा पुगी कोण सभामा परिणत भएको थियो ।

हजारौको सहभागिता रहेको विरोध प्रदर्शनको क्रममा जसपा नेपालका नेता कार्यकर्ताहरुले मधेशमाथिको षडयन्त्र तत्काल रोक्न सरकारलाई चेतावनी दिएको छन ।

भूमि विधेयकमा अहसयोग गरेको झोकमा अध्यक्ष उपेन्द्र यादवलाई गौर घटनामा फसाउँन षडयन्त्र भइ रहेको भन्दै उनिहरुले सरकारको आलोलना गर्‍का थिए ।

प्रदर्शनकारीहरुले भूमि विधेयक फिर्ता लेउ, झुठा मुद्दा खारेज गर, मधेशमाथि षडन्त्र बन्द गर जस्ता नारा लगाएका थिए ।

जनकचोकमा सम्पन्न कोणसभामा नेताहरुले सरकारद्वारा भइ रहेको मधेश माथिको षडयन्त्र तत्काल बन्द नगरिए कडा संघर्ष गर्ने चेतावनी दिएका छन ।

भूमि विधेयक मार्फत मधेशलाई औपनेशिकीकरण गर्दै मरुभूमिमा रुपान्तरण गर्ने षडयन्त्रको विरोध गर्दै जसपा अध्यक्ष उपेन्द्र यादवलाई १८ वर्ष पुरानो मुद्दा फसाउन राज्य संयन्त्र लागि परेको आरोप समेत लगाएका थिए ।

यसैगरी, महोत्तरी, सिरहा, सप्तरी, बारा, पर्सा, रौतहटलगायतका जिल्लामा पनि जसपा कार्यकर्ताले सडकमा उत्रिएर विरोध र जुलुस निकालेका थिए । विभिन्न जिल्लाबाट प्राप्त जानकारीअनुसार, स्थानीय नेता तथा कार्यकर्ताहरूले र्‍याली गर्दै कोणसभा आयोजना गरेका थिए, जसमा सरकारले मधेशलाई योजनाबद्ध रूपमा उपेक्षा गर्दै आएको आरोप लगाइएको छ ।

मधेशका आठै जिल्लामा एकैसाथ उत्रिएको यस विरोध प्रदर्शनले प्रदेशमा राजनीतिक तापमान चुलिएको देखिन्छ । नेताहरूका अनुसार, अबको आन्दोलन मधेशको अधिकार र अस्तित्वको सवालमा निर्णायक हुने बताइएकोछ ।


## बाढीबारे चासो राखौं । चनाखो बनौं

बाढी र डुबान हुनुपूर्वको तयारी:

- वर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं।
- आपतकालितन अवस्थाकालागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाइराखौं
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बढ्दो व्यापार घाटा र आत्मनिर्भर अर्थतन्त्रको चुनौती

नेपालको चालु आर्थिक वर्षको पहिलो महिनामै रु एक खर्ब १९ अर्बभन्दा बढीको व्यापार घाटा हुनु गम्भीर चिन्ताको विषय हो। आयात र निर्यात दुवैमा वृद्धि भए तापनि घाटा अझै बढ्नु मुलुकको उत्पादन क्षमता र व्यापार नीतिको असन्तुलन प्रष्ट पार्ने सूचक हो।

गत वर्षको तुलनामा निर्यात ९५ प्रतिशतले बढ्नु सकारात्मक खबर हो। तर, आयात पनि करिब ११ प्रतिशतले बढ्दा समग्र घाटा कम नभई उल्टै बढ्नुले अर्थतन्त्रको असुरक्षा देखाउँछ। भारत र चीनसँगै सबैभन्दा ठूलो घाटा देखिनु नेपालको व्यापार संरचना अत्यधिक आयातमुखी भएको प्रमाण हो। भारतसँग मात्र ६४ अर्बभन्दा बढी र चीनसँग २७ अर्बभन्दा बढी घाटा हुनुले नेपालका बजारहरूमा विदेशी वस्तुको निर्भरता उच्च रहेको संकेत गर्छ।

सबैभन्दा बढी आयात पेट्रोलियम पदार्थ, स्मार्टफोन, मोटरसाइकल, फलामजन्य वस्तु र सुन जस्ता विलासी तथा उपभोग्य वस्तुमा हुनु मुलुकको उत्पादन क्षमतामा कमी र जीवनशैलीमा विदेशी निर्भरता दुवैलाई प्रकट गर्छ। यसैबीच निर्यातमा भटमासको तेल, प्लाईउड, धागो, अलैंची जस्ता कच्चा वा अर्धप्रक्रियाजित वस्तु प्रमुख हुनु नेपालका उद्योगहरूले मूल्य संवर्द्धन गर्ने क्षमता विकास गर्न नसकेको प्रमाण हो।

नेपालले जर्मनी, अमेरिका, रुसलगायत केही मुलुकसँग नाफा कमाएको तथ्य उत्साहजनक भए पनि त्यो नाफा आयात घाटासँग तुलना गर्दा न्यून मात्रामा सीमित रहन्छ। यसले देखाउँछ- हाम्रो व्यापार नीतिले दीर्घकालीन सन्तुलन ल्याउने दिशा अझै समातेको छैन। यस परिस्थितिले दुई प्रमुख प्रश्न उठाउँछ–पहिलो, आयातमुखी अर्थतन्त्रलाई निर्यातमुखीमा कसरी रूपान्तरण गर्ने ? दोस्रो, विदेशी वस्तुमा निर्भरता घटाउँदै घरेलु उत्पादनलाई कसरी प्रतिस्पर्धी बनाउन सकिन्छ ?

उत्तर स्पष्ट छ–नेपालले कृषि, ऊर्जा र उद्योग क्षेत्रमा आत्मनिर्भरता बढाउनै पर्छ। पेट्रोलियम पदार्थ आयातकै कारण ठूलो रकम बाहिरिएको छ। यसलाई न्यूनीकरण गर्न वैकल्पिक ऊर्जा, विद्युत् सवारीसाधन र जलविद्युत् प्रयोगलाई प्राथमिकतामा राख्न जरुरी छ। त्यस्तै, स्मार्टफोन वा विलासी वस्तु आयातमा नियन्त्रण गर्न आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्ने कर नीति आवश्यक छ।

निर्याततर्फ, कच्चा पदार्थ निर्यात गर्ने प्रवृत्तिबाट बाहिर निस्केर मूल्य संवर्द्धन भएको वस्तु विदेश पठाउने प्रणाली विकास हुनुपर्छ। उदाहरणका लागि, भटमास तेल मात्र होइन, यससँग सम्बन्धित विभिन्न उत्पादन (प्याकेजिङ, प्रशोधित खानेकुरा आदि) निर्यात गर्न सक्ने क्षमता विकास गर्नुपर्छ।

नेपालको व्यापार घाटा केवल आँकडाको कुरा होइन; यो दीर्घकालीन आर्थिक असन्तुलनको चित्र हो। नीति निर्माता, उद्योगपति र आम नागरिक सबैले आत्मनिर्भर उत्पादनलाई प्राथमिकता दिएर मात्र यो असन्तुलन कम गर्न सकिन्छ। अहिले नै सुधारको कदम चाल्न सकेन भने व्यापार घाटा केवल बढ्नेछ, जसको भार अन्ततः आम नेपालीले नै व्यहोर्नुपर्नेछ।

# जीवनको प्रकाश :राजयोगिनी प्रकाशमणी दादीको अमर स्मृति



जगदीश यादव

जनकपुरधाम। राजयोगिनी प्रकाशमणी दादीको १८औं पुण्यतिथिमा यहाँ र विश्वभरि विशेष 'रक्तदान' कार्यक्रम आयोजना गरियो। विश्व रिकर्ड कायम गर्नका लागि तीन दिनमा सय घण्टामा एक लाख युनिट अर्थात् एकलाख 'पोका' रक्त संकलन गर्नु थियो। दुई दिनमै लक्ष्य पूरा भइसकेपछि यस कार्यक्रमलाई 'विश्व बन्धुत्व दिवस'को रुपमा पनि मनाइएको छ। रक्तदान केवल अरुको जीवन जोगाउने माध्यम मात्र नभई स्वयं स्वास्थ्य र मानसिक सन्तुलनका लागि पनि लाभदायी हुन्छ। यही संदेश दादीले आफ्नो जीवनमार्फत संसारलाई दिइन–सिर्फ एक राष्ट्रको लागि होइन, सम्पूर्ण मानवजगतका लागि।







मधेश प्रदेशका स्वास्थ्य मन्त्रीदेखि लिएर बौद्धिक वर्गसम्मका व्यक्तिहरू यस अवसरमा रक्तदानमा सहभागी भए। यसले दादीको मानवसेवा र सामाजिक चेतनालाई सम्मान गर्ने मात्र नभई जीवनमा सक्रिय सहभागिता देखाउने अवसर पनि प्रदान गर्‍यो।

राजयोगिनी प्रकाशमणी दादी केवल ब्रह्माकुमारी संस्थाकी नेत्री मात्र थिइन् भन्ने सीमामा सीमित छैनन्; उनी आध्यात्मिक जीवन, मानवसेवा र महिला नेतृत्वको सजीव प्रतीक थिइन्। सन् १९२० मा सिन्ध क्षेत्रमा जन्मिएका दादी बाल्यकालदेखि धर्म, अध्यात्म र सेवा भावमा गहिरो आकर्षित भइन्। त्यतिबेला समाजमा महिलाको भूमिका प्रायः घर-परिवारमा सीमित थियो, तर प्रकाशमणी दादीले प्रारम्भिक जीवनमै भिन्न मार्ग रोजिन–ध्यान, अनुशासन र मानवसेवा उनको पहिलो शिक्षक बने।

उनको प्रारम्भिक जीवन साधारण थियो, तर परिवारले धार्मिक शिक्षाको महत्त्व दिन्थ्यो। बाल्यकालदेखि नै उनले आत्मनिरीक्षण र ध्यानमा रुचि राखिन्। प्रकृतिप्रेमी दादी प्रकृतिसँगको सम्बन्धमार्फत जीवनका गहिरा मूल्य बुझ्न खोज्थिन्। यी अनुभवहरूले उनको आध्यात्मिक यात्रा स्थिर बनायो र ब्रह्माकुमारी संस्थासँग उनको सम्बन्धको आधार तयार भयो।

सन् १९३७ मा ब्रह्माकुमारी संस्थाको स्थापना (त्यतिबेला ओम मण्डली) भएतापनि प्रकाशमणी दादी प्रारम्भिक अनुयायीमध्ये एक बनिन्। संस्थापक ब्रह्मा बाबाको शिक्षालाई आत्मसात गर्दै उनले आफ्नो सम्पूर्ण ऊर्जा आध्यात्मिक उन्नति र मानवसेवामा समर्पित गरिन्। महिला नेतृत्व सीमित र सामाजिक परम्परासँग संघर्षरत समयमा पनि उनले पूर्ण रूपमा आध्यात्मिक नेतृत्व रोजिन्। यही जीवनशैली र अनुशासनले उनलाई 'राजयोगिनी' को पदवी दिलायो।

उनको नेतृत्व संस्थाभित्र मात्र सीमित थिएन। दादीले विश्वव्यापी शान्ति, महिला सशक्तीकरण, पर्यावरणीय सन्तुलन र आत्मशुद्धिको संदेश फैलाउने अभियान अघि बढाइन्। उनका नेतृत्वमा १३० भन्दा बढी देशमा राजयोग केन्द्र स्थापना भए। उनले ब्रह्माकुमारी संस्थालाई संयुक्त राष्ट्र संघमा दर्ता गराइन् र विश्वशान्तिका लागि योगदानको मान्यता दिलाइन्। उनका प्रयासले लाखौं मानिसलाई राजयोग र ध्यानको अभ्यास गर्ने अवसर प्राप्त गरायो।

प्रकाशमणी दादीको जीवन दर्शन सरल तर गहिरो थियो: "आफूलाई जान, परमात्मालाई मान, अरूलाई सम्मान।" उनले सेवा केवल सामाजिक कर्तव्यको रूपमा नभई जीवनको वास्तविक उद्देश्यको रूपमा देखिन्। गरिब, असहाय र संकटमा परेका मानिससँग निरन्तर सहकार्य गरिन्। उनी भेट्ने प्रत्येक व्यक्तिमा शान्ति, सकारात्मक ऊर्जा र आत्मविश्वास प्रवाहित गर्न सक्षम थिइन्।

उनको योगदान केवल स्थानीय वा राष्ट्रिय स्तरमा सीमित छैन। भारत, नेपाल र विश्वका विभिन्न देशमा ब्रह्माकुमारी संस्थाले उनका सन्देश र शिक्षालाई जीवन्त राखेको छ। हजारौं महिलाले उनको नेतृत्वबाट प्रेरित भइ आत्मनिर्भर र समाज-सक्रिय बन्न पाए। उनलाई "शान्तिदूत" को रूपमा सम्मानित गरियो, र उनका विचारले आज पनि करोडौं मानिसलाई प्रेरित गरिरहेका छन्।

दादीको जीवनले देखाउँछ कि आध्यात्मिक नेतृत्व केवल ध्यान वा पूजा मात्र होइन; यो जीवनलाई सेवा, संयम, प्रेम र सहिष्णुतामा रूपान्तरण गर्ने अभ्यास हो। उनी भन्थिन्–सामाजिक वा आध्यात्मिक परिवर्तन महिलाको सक्रिय भागीदारी बिना सम्भव छैन। यही कारणले उनका दृष्टान्तले आजको महिलालाई आत्मविश्वासी, सक्षम र नेतृत्वपूर्ण बन्न प्रोत्साहित गर्छ।

उनले विश्वव्यापी स्तरमा ब्रह्माकुमारी संस्थालाई प्रतिष्ठित बनाउँदै राजयोगको संदेश फैलाइन्। उनका विचार सरल, व्यवहारिक र हृदयस्पर्शी थिए। उनी विश्वास गर्थिन्–हरेक मानिसले आफ्नो जीवनमा शान्ति, प्रेम र सद्भावना कायम राखे संसारमा सकारात्मक परिवर्तन सम्भव छ।

प्रकाशमणी दादीले महिला नेतृत्वको महत्वलाई बलियो बनाइन्। उनी भन्थिन्, "सत्य र सेवा मार्गमा दृढता राख्ने महिला संसारमा परिवर्तन ल्याउन सक्छ।" उनका शिक्षाहरू आज पनि लाखौं महिलाका लागि प्रेरणाको स्रोत बनेका छन्।

उनको अन्तिम जीवन सन् २००७ मा ८७ वर्षमा समाप्त भयो, तर उनका दर्शन, शिक्षाहरू र योगदान सदा जीवित छन्। उनी केवल धार्मिक नेत्री होइनन्; उनी आध्यात्मिक चेतना, मानवताको सेवा र विश्वशान्तिको प्रतिमूर्ति हुन्। उनको दृष्टिकोण र जीवनशैलीले हामीलाई सधैं सम्झाउँछ–जीवन केवल आफूका लागि होइन, सम्पूर्ण मानवजाति र विश्वको भलाइका लागि हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# विदेशी विनिमय सञ्चिति २७ खर्ब, एक वर्षमै थपियो ६ खर्ब

दैनिक समाचारदाता

काठमाडौं ८ भदौ । अर्थतन्त्रमा देखिएको सुस्तताका कारण विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च भएको छ । समग्र बजार मागमा अपेक्षित सुधार हुन नसक्दा सुस्त भएको आयातका कारण विदेशी विनिमय सञ्चिति ऐतिहासिक बनेको हो ।

२०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २०८२ असारसम्म आइपुग्दा ३१.२ प्रतिशतले वृद्धि भई २६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ ।

अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८२ असार मसान्तमा २७.७ प्रतिशतले वृद्धि भई १९ अर्ब ५० करोड पुगेको राष्ट्र बैंकले जनाएको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा १८ खर्ब ४८ अर्ब ५५ करोड रहेकोमा २०८२ असार मसान्तमा ३०.६ प्रतिशतले वृद्धि भई २४ खर्ब १४ अर्ब ६४ करोड पुगेको छ ।


Photo : AFP

बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा १ खर्ब ९२ अर्ब ५५ करोड रहेकोमा २०८२ असार मसान्तमा ३६.६ प्रतिशतले वृद्धि भई २ खर्ब ६३ अर्ब ४ करोड कायम भएको छ । २०८२ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.१ प्रतिशत रहेको केन्द्रीय बैंकले जनाएको छ ।

आव २०८१/८२ को आयात आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १८.२ महिनाको वस्तु आयात र १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । यो सञ्चिति पर्याप्तर्ता औसत भन्दा धेरै हो ।

२०८२ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपात क्रमशः ४३.८ प्रतिशत, १२८.१ र ३४.१ प्रतिशत छ । २०८१ असार मसान्तमा उक्त अनुपात क्रमशः ३५.८ प्रतिशत, १०८.६ र २९.३ प्रतिशत थियो ।

२०८२ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति २९ खर्ब २९ अर्ब ६९ करोड तथा दायित्व २१ खर्ब ४६ अर्ब ४३ करोड रहेको छ । फलस्वरूप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति ७ खर्ब ८३ अर्ब २६ करोडले बचतमा छ । २०८१ असार मसान्तमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति ३ खर्ब ५ अर्ब ८४ करोडले बचतमा थियो ।

# सरकारको ढुकुटी ४ खर्ब २ अर्बले घाटामा

दैनिक समाचारदाता

काठमाडौं, ८ भदौ । गत आर्थिक वर्ष २०८१/८२ सरकारको ढुकुटी (वित्त) ४ खर्ब २ अर्ब रुपैयाँले घाटामा रहेको पाइएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको वार्षिक तथ्यांक अनुसार यस आवमा सरकारको ढुकुटी ४ खर्ब २ अर्ब ४२ करोडले घाटामा रहेको छ ।

अघिल्लो आव २०८०/८१ मा सरकारी वित्त ३ खर्ब ७९ अर्ब ३८ करोडले घाटामा थियो । गत आव सरकारले गत आवमा १८ खर्ब ६० अर्ब रुपैयाँको बजेट कार्यान्वयन गरेको थियो ।

राष्ट्र बैंकका अनुसार यस आवमा तीन वटै तहका सरकारको एकीकृत वित्त स्थिति १ खर्ब ३० अर्ब ७३ करोड रुपैयाँले बचतमा छ । यसबाट केन्द्र सरकारबाट हस्तान्तरण हुने रकम तल्ला सरकारमा गएर थुप्रिने तर खर्च नहुने समस्या दोहोरिएको देखिन्छ ।




गत आव सरकारको कुल खर्च १५ खर्ब २३ अर्ब ११ करोड रहेको छ । यसमध्ये चालु खर्च ९ खर्ब ८० अर्ब ३८ करोड र पूँजीगत खर्च २ खर्ब २२ अर्ब ६८ करोड छ । वित्तीय व्यवस्थातर्फको खर्च ३ खर्ब २० अर्ब ५ करोड छ ।

यस आव राजस्व परिचालन भने ११ खर्ब ८९ अर्ब ८२ करोड रहेको छ । जसमा प्रदेश र स्थानीय सरकारमा बाँडफाँट हुने रकम समेत उल्लेख छ । उठेको राजस्वमध्ये कर राजस्व १० खर्ब ४९ अर्ब ८८ करोड र गैरकर राजस्व १ खर्ब २० अर्ब ९४ करोड छ ।

वित्त घाटा पूर्ति गर्न सरकारले गत आव ३ खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण परिचालन गरेको छ । वाह्य ऋण भने १ खर्ब २५ अर्ब ४० करोड लिएको छ । यस आवमा आन्तरिक ऋण भुक्तानी भने २ खर्ब ४३ अर्ब ९१ करोड बराबर भएको छ ।

असार मसान्तसम्म सरकारको कुल बक्यौता ऋण २६ खर्ब ६९ अर्ब ६५ करोड रहेको छ । यसमा वाह्य ऋण १४ खर्ब १ अर्ब ४२ करोड र आन्तरिक ऋण १२ खर्ब ६८ अर्ब २२ करोड छ । यो कुल गार्हस्थ उत्पादनको तुलनामा ४३.७१ प्रतिशत हो । अघिल्लो वर्षसम्म नेपाल सरकारका खातामा १ खर्ब ३० अर्ब ७३ करोड मौज्दात रहेको देखिन्छ । जुन स्थानीय र प्रदेश सरकारका खातामा रहेको समेत रकम हो ।

# जहाँ द्वन्द्व छ त्यहाँ समाधान पनि छः गृहमन्त्री लेखक




दैनिक समाचारदाता

काठमाडौँ, ८ भदौ । गृहमन्त्री रमेश लेखकले द्वन्द्वरहित समाज केबल काल्पनिक विषय मात्रै भएको बताउनुभएको छ ।

यहाँ आज आयोजित नेपालमा शान्ति निर्माणका चुनौती विषय कार्यशाला गोष्ठीको उद्घाटन समारोहमा गृहमन्त्री लेखकले द्वन्द्वसँगै समाधान पनि हुने गरेको धारणा राख्नुभयो । "द्वन्द्वरहित समाज कसैले भन्छ भने त्यो काल्पनिक हो, यथार्थ होइन", उहाँले भन्नुभयो, "जहाँ द्वन्द्व छ त्यहाँ समाधान पनि छ, हामीले द्वन्द्वलाई ठीक ढङ्गले बुझिदिनुपर्छ, द्वन्द्वको व्यवस्थापन भनेको सम्झौता पनि हो ।"

पछिल्लो समय संविधानले गरेको अधिकारको बाँडफाँटले मुलुकमा द्वन्द्व उत्पन्न गराइरहेको सङ्केत पाइरहेको उहाँको भनाइ थियो । "पालिकाहरुबीच अहिले प्राकृतिक स्रोतसाधनको वितरण र सीमाको द्वन्द्व भएको देखिन्छ", उहाँले भन्नुभयो, "उत्पन्न द्वन्द्व र सम्भावित द्वन्द्वको व्यवस्थापन गरिनुपर्छ ।"

विस्तृत सम्झौताताका वार्ता समितिमा रहँदाका अनुभव सुनाउँदै उहाँले २०६३ मङ्सिर ५ गते सशस्त्र द्वन्द्वको समाप्त भएको बताउनुभयो । "हिंसाको समाजलाई शान्तिको रुपान्तरण गरिएको छ", उहाँले भन्नुभयो, "द्वन्द्वका प्रकृति संसारभर फरकफरक छन्, द्वन्द्वको प्रकृति फरक छ, सर्वव्यापी छ, समाज रहुञ्जेल द्वन्द्व रहन्छ ।"

उहाँले धेरै विश्वविद्यालय, स्कूल, कलेज, सडक र पुल बनाउने विषय ठीक भए पनि धेरै संविधान बनाउने कुरो खराब रहेको बताउनुभयो ।

"विसं २०७२ को सातौँ संविधान हो, देश कति ज्यादा अस्थिरतामा गयो, कति अनिश्चितता र कति ज्यादा द्वन्द्वबाट गुज्रियो भन्ने आवस्थाको मापन गर्ने कुरा संविधान हो", उहाँले भन्नुभयो, "नेपाल संसारका विरलैमध्येको त्यस्तो देश हो, जसले सात दशकमा सात संविधान बनायो, संविधान निर्माणको यात्रा २००४ सालदेखि सुरु भएको थियो ।"

# वीरगन्जमा समुदायस्तरमै फैलियो हैजा, ५४ जनामा सङ्क्रमण पुष्टि

वीरगन्ज, ८ भदौ । वीरगन्ज मा हैजाको सङ्क्रमण समुदायस्तरमै फैलिएको छ । शुक्रबार साँझ वीरगन्जको तराई अस्पतालमा झाडापखाला लागेर उपचाररत तीन जना बिरामीमा हैजा देखिएको हो ।

वीरगन्ज महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखाका अधिकृत राजु साहका अनुसार आइतबार दिउँसोसम्ममा ५४ जना झाडापखाला लागेर अस्पताल भर्ना भएका बिरामीहरूमा हैजाको सङ्क्रमण पुष्टि भएको हो । स्वास्थ्यकर्मीहरू अस्पतालमा नै रहनु भएको र केही परीक्षणको रिपोर्ट नआएकाले एकिन सङ्क्रमितको सङ्ख्या साँझमा निश्चित हुने उहाँले बताउनुभयो ।

वीरगन्जका एक दर्जनभन्दा बढी अस्पतालमा करिब एक सय पचास जना झाडापखाला तथा हैजा पुष्टि भएका बिरामीको उपचार चलिरहेको छ । सबैभन्दा बढी बिरामीको घुइँचो भने नारायणी अस्पतालमा छ ।

नारायणी अस्पतालमा हैजा पुष्टि भएका २५ जना र झाडापखालाका गरी ४५ जना बिरामीको उपचार भइरहेको अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले जानकारी दिनुभयो । त्यसैगरी तराई अस्पतालका १२ जना बिरामीको पनि हैजाको उपचार भइरहेको छ ।

यस्तै, नेसनल मेडिकल कलेजमा ६ जनामा हैजाको सङ्क्रमण पुष्टि भएको छ भने वीरगन्ज हेल्थ केयर अस्पतालमा ३ जनामा हैजा सङ्क्रमण पुष्टि भएका बिरामी उपचाररत छन् । यसैगरी, भवानी अस्पताल, अली अर्थो ट्रमा सेन्टर, नारायणी सेन्ट्रल अस्पताल र मङ्गलम अस्पतालमा २-२ जना सङ्क्रमितको उपचार भइरहेको छ ।

सबैभन्दा बढी नारायणी अस्पतालमा करिब ४५-५० जना, तराई अस्पतालमा ३५-४० जना र वीरगन्ज हेल्थकेयर अस्पतालमा करिब ३० जना तथा एडभान्स अस्पतालमा १४ जना, नेसनल मेडिकल कलेजमा १४ जना झाडापखाला एवं हैजाका बिरामी अहिले पनि उपचाररत छन् ।

शुक्रबार राति करिब ३० जना झाडापखालाका बिरामी उपचाररत थिए र शनिबार रातिसम्म ९२ जना बिरामी उपचाररत थिए । आइतबार बिहानसम्ममा त्यो सङ्ख्या १ सय २९ पुगेको थियो भने आइतबार दिउँसोसम्ममा झाडापखाला तथा हैजाका बिरामीको सङ्ख्या एक सय पचासभन्दा माथि छ ।

अधिकांश बिरामी वीरगन्ज महानगरपालिका वडा ११, १२, १६ र १८ का रहेका छन् । हैजा सङ्क्रमण पुष्टि भएर अस्पतालमा उपचाररत एक जना उपचारपछि घर फर्किएका छन् भने ४३ जनाको उपचार भइरहेको छ । हैजा सङ्क्रमण फैलिने मुख्य कारण तथा स्रोतको बारेमा अनेक अड्कलबाजी भइरहे पनि आधिकारिक रूपमा यसैबाट हैजा फैलिएको हो भन्ने यकिन जानकारी कहि कतैबाट आउन सकेको छैन ।

मृतक दुवैको स्वास्थ्य परीक्षण गर्न नपाइएको

हैजाबाट हालसम्म कसैको मृत्यु नभएको स्थानीय प्रशासनको दाबी छ । एकको अस्पताल ल्याउँदा ल्याउँदै तथा अर्कोको अस्पताल ल्याउने बित्तिकै मृत्यु भएकाले मृतक दुवैको स्वास्थ्य परीक्षण गर्न नपाइएको तर दुवैको लक्षण हैजासँग मिल्दोजुल्दो भएको भएको दाबी प्रशासनले गरेको छ ।

महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखाका अधिकृत राजु साहले स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामार्फत वीरगन्ज अधिकांश अस्पतालमा पनि किट वितरण गरिएको जानकारी दिनुभयो ।

शनिबार महानगरले महानगरपालिकाभित्र सञ्चालित अस्पतालका सञ्चालकहरूसँग बैठक बस्दै सङ्क्रमण नियन्त्रणमा थप सतर्कता अपनाउन आग्रह गरेको छ । आइतबार महानगरका कर्मचारीहरूको बैठक बसी धेरै जोखिमयुक्त क्षेत्र मानिएका १ देखि १६ वडा क्षेत्रमा घर-घरमै पुगेर सचेतना फैलाउने, सरसफाइमा जोड दिने र उपचारमा ल्याउने कार्य भइरहेको वीरगन्ज महानगरपालिकाले जनाएको छ।

*हैजा रोगका प्रमुख लक्षणहरू*

नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहका अनुसार हैजा रोगका प्रमुख लक्षणहरूमा निरन्तर झाडापखाला, बान्ता, पेट दुख्ने, ज्वरो आउने, आँखा गाडिने, मांसपेशी दुख्ने र शरीरमा पानीको कमी (डिहाइड्रेसन) हुने छन् । उहाँका अनुसार समयमै उपचार नभए रोगले मृत्युसम्म पुर्‍याउन सक्छ ।

नारायणी अस्पतालका सूचना अधिकारी डा. सिंहका अनुसार पहिले महानगरको दुई वटा वडाका दुई टोलमा देखिएको अहिले करिब ६-७ वडा वडाका एक दर्जनभन्दा बढी टोलका झाडापखाला लागेर अस्पतालमा भर्ना भएका बिरामीका हैजाको सङ्क्रमण पुष्टि भएकाले हैजा समुदायस्तरमै फैलिएको छ ।

त्यस्तैगरी, वीरगन्ज महानगरपालिकाले हैजा समुदायस्तरमा नै पुगेको जनाउँदै अझ फैलिन नदिन सबै विद्यालयको पठनपाठन आइतबार र सोमबारका लागि बन्द गरेको छ । त्यस्तैगरी, महानगर क्षेत्रभित्र पानी पुरी, चाट, भाजा लगायतका खुला स्थानमा सडक छेऊमा बिक्री हुने खाद्यवस्तुको बिक्री वितरण नगर्न सबैलाई अनुरोध गरेको छ ।

# मधेसका २५ पालिकामा पशुपक्षी उपचार केन्द्र निर्माण गरिँदै

दैनिक समाचारदाता

जनकपुरधाम, ८ भदौ । मधेस प्रदेशका १३६ पालिकामध्ये २५ वटामा कृषि तथा पशुपक्षी उपचार केन्द्र निर्माण गर्न लागिएको छ । सङ्घीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयद्वारा रु ७५ करोडको लागतमा प्रदेशका २५ पालिकामा भूकम्प प्रतिरोधात्मक, सुविधा सम्पन्न कृषि तथा पशुपक्षी उपचार तथा परीक्षण केन्द्रको भवन निर्माण भइरहेको हो ।

विश्वबैंकको ऋण सहयोगमा सो मन्त्रालयको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाअन्तर्गत आर्थिक करिडोरको कार्यालय बर्दिबासले २५ वटा पालिकामा भवन निर्माण गरिरहेको हो । आयोजना कार्यालयका अनुसार एउटा भवन निर्माणमा करिब रु तीन करोडदेखि रु पाँच करोड खर्च हुने अनुमान गरिएको छ ।

कृषिको माटो परीक्षण, पशुको रोगसम्बन्धी अनुसन्धान तथा पशुमा लाग्ने विभिन्न रोगको उपचार, पशुको गोबर तथा दूधजन्य पदार्थको परीक्षण गर्ने उद्देश्यले अत्याधुनिक उपकरणसहित ल्याब स्थापना गरेर सो केन्द्रबाट सेवा दिने उद्देश्य रहेको कार्यालय प्रमुख राजेश साहले जानकारी दिनुभयो । सबै भवनको डिजाइन समान हुनुका साथै प्रविधियुक्त बनाइने उहाँले बताउनुभयो ।

निर्माण भइरहेको सो दुईतले भवनमा कृषि तथा पशुका लागि बेग्लाबेग्लै उपचार कार्यकक्ष तथा प्रयोगशालाका साथै सोही भवनमा सुपथमूल्यमा कृषि तथा पशुपक्षीमा लाग्ने रोगको उपचारसहित औषधि बिक्री कक्षका लागि दुई वटा सटरसमेत निर्माण हुने साहले उल्लेख गर्नुभयो । भवन निर्माण भइरहेका २५ वटा पालिकामध्ये १४ वटाको काम सकिएको कार्यालयले जनाएको छ ।

सोही क्रममा जनकपुरधाम उपमहानगरपालिका-१७ स्थित तेतरियामा सोही आयोजनाद्वारा निर्माण गरिएको सुविधा सम्पन्न भवन जनकपुरधाम उपमहा नगरपालिकाका प्रमुख मनोजकुमार साहलाई हस्तान्तरण गरिएको कार्यालय प्रमुख साहले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त भवन भ्याटसहित रु दुई करोड २५ लाखमा निर्माण गरिएको हो ।

# संविधान घोषणाको दशकलाई विशेष रूपमा मनाइने प्रधानमन्त्रीको अध्यक्षतामा मूल समारोह समिति गठन



दैनिक समाचारदाता
काठमाडौँ, ८ भदौ। नेपालको संविधान घोषणा भएको एक दशक पुगेको अवसरमा यस वर्ष भव्यताका साथ उत्सव मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आज संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन भएको छ।

नेपाली जनताको बलिदानीपूर्ण र लामो सङ्घर्षको उपलब्धिस्वरुप जनताबाट निर्वाचित संविधानसभाबाट २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थासहितको संविधान जारी भएको दिनलाई राष्ट्रिय दिवस मानिन्छ। यस वर्ष संविधान जारी भएको १० वर्ष पुगेकाले दिवसलाई थप हर्षोल्लासपूर्ण र भव्य बनाउन नेपाल सरकारले तयारी गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आज बसेको बैठकले आगामी असोज २, ३ र ४ गते नेपालभित्र र विदेशस्थित नेपाली दूतावास तथा नियोग र जनस्तरमा समेत दीपावलीलगायत विभिन्न कार्यक्रम गरी दिवस मनाउन मूल समारोह समिति गठन गरिएको हो। मूल समारोह समितिमा उपप्रधानमन्त्रीहरू, मन्त्री र राज्यमन्त्रीहरू, नेपाल सरकारका मुख्यसचिव, नेपाली सेनाका प्रधानसेनापति, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरू, काठमाडौँ उपत्यकाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू सदस्य र गृह मन्त्रालयका सचिव सदस्यसचिव रहनुहुनेछ। बैठकले विषयगत उपसमिति पनि गठन गरेको छ।

दिवसका अवसरमा असोज ३ गते काठमाडौँको सैनिक मञ्च, टुँडिखेलमा आमनागरिकको उपस्थितिमा मूल समारोह हुनेछभने प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रम प्रस्ताव गरिएका छन्। यसैगरी, दिवसका अवसरमा राष्ट्रिय गान र राष्ट्रभक्तिको साङ्गीतिक महोत्वस (नेसनल डे कन्सर्ट) आयोजना, झाँकी प्रदर्शनीलगायत कार्यक्रम प्रस्ताव गरिएको छ। दिवसका अवसरमा वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्त्व, संविधानमा अन्तरनिहित पक्षमा केन्द्रित विशेष संवाद, परिसंवाद तथा सन्देशमूलक नाटकजस्ता सृजनात्मक र रचनात्मक कार्यक्रम निर्माण तथा सञ्चालन गरी रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक वा निजी क्षेत्रसमेतका विद्युतीय तथा छापा माध्यम एवं सामाजिक सञ्जालमा प्रसारण र प्रकाशनको व्यवस्था मिलाउने प्रस्ताव गरिएको छ।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले संविधान घोषणाको १० वर्ष पुगेको अवसरलाई राष्ट्रिय र जनस्तरमा विशेष रूपमा मनाउन आग्रह गर्नुभयो। उहाँले संविधानसँग विकास, राष्ट्रियता, आधुनिकता, मौलिक हक, महिला सशक्तीकरण, समावेशिताका चरित्र, लोककल्णयकारी राज्य, संस्कृति आदि पक्षसँग जोड्नुपर्ने बताउनुभयो। प्रधानमन्त्री ओलीले वडा र विद्यालय तहसम्म कार्यक्रम आयोजना गर्ने र अधिक रूपमा जनतालाई संविधानको उपलब्धि र महत्त्वसँग एकाकार गराउन आग्रह गर्नुभयो।

# चालु खाता चार खर्ब नौ अर्ब र शोधनान्तर पाँच खर्ब ९४ अर्ब बचतमा

दैनिक समाचारदाता
काठमाडौँ, ८ भदौ। गत आर्थिक वर्ष २०८१/८२ मा आर्थिक तथा वित्तीय सूचकहरूमा उल्लेख्य सुधार देखिएको छ। नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार अर्थतन्त्रका आन्तरिक र बाह्य दुवै सूचकमा सुधार हुँदै गएको देखिएको हो।

प्रतिवेदनअनुसार गत आवमा सरकारको चालु खाता रु चार खर्ब नौ अर्ब २० करोडले बचतमा रहेको छ। आव २०८०/८१ मा चालु खाता रु दुई खर्ब २१ अर्ब ७१ करोडले बचतमा थियो।

गत आवमा शोधनान्तर स्थिति रु पाँच खर्ब ९४ अर्ब ५४ करोडले बचतमा छ। आव २०८०/८१ मा शोधनान्तर स्थिति रु पाँच खर्ब दुई अर्ब अर्ब ४९ करोडले बचतमा थियो। गत आवमा खुद पुँजीगत ट्रान्सफर रु नौ अर्ब ८४ करोड छ भने प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु १२ अर्ब दुई करोड बराबर भित्रिएको राष्ट्र बैंकले जनाएको छ।

गत आवमा आर्थिक वृद्धि चार दशमलव ६१ प्रतिशत रहेको अनुमान छ। जसमध्ये कृषि क्षेत्रको वृद्धि तीन दशमलव २८, उद्योग क्षेत्रको चार दशमलव ५३ र सेवा क्षेत्रको वृद्धि चार दशमलव २१ प्रतिशत रहेको अनुमान छ। गत आवको कूल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५ दशमलव १६, १२ दशमलव ८३ र ६२ दशमलव शून्य एक प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ।

त्यस्तै, गत आवमा कूल गार्हस्थ्य बचत कूल गार्हस्थ्य उत्पादनको छ दशमलव ५५ प्रतिशत रहेको छ। कूल स्थिर पुँजी निर्माण र कूल राष्ट्रिय बचतको कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २४ दशमलव शून्य सात र ३६ दशमलव २४ प्रतिशत रहेको छ। गत आवमा कूल विद्युत्को जडित क्षमता वृद्धि भई तीन हजार ५९१ मेगावाट पुगेको छ। जडित क्षमतामध्ये जलविद्युत् तीन हजार ३९० मेगावाट रहेको छ। त्यस्तै, कूल पर्यटक आगमन एक दशमलव सात प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ८३४ जना पुगेको छ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ दुई दशमलव ६६ प्रतिशतले अवमूल्यन भएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# समाजवादी यात्राको आधार उत्पादन हो: अध्यक्ष दाहाल




दैनिक समाचारदाता
काठमाडौँ, ८ भदौ। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृषि, उद्योग, जडीबुटी, पर्यटनजस्ता स्थानीय सम्भावनामा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माण तथा पार्टीलाई समाजवादतर्फ रुपान्तरण गर्ने आधार उत्पादन भएको बताउनुभएको छ।

आज पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा भएको आर्थिक उत्पादन विभागको पहिलो बैठकमा उहाँले भन्नुभयो, "हामी समाजवादको यात्रातर्फ जाँदैछौँ भने त्सको मूल आधार उत्पादन हो। उत्पादनका निम्ति सिङ्गो पार्टी केन्द्रित नभई समाजवाद सम्भव हुँदैन।"

हेटौँडा महाधिवेशनले लिएको 'युद्ध होइन, उत्पादन सङ्ग'निर्णय कार्यान्वयन गर्न नसकिएको स्वीकार गर्दै अब पार्टीले जनतासँग प्रत्यक्ष जोडिन, समुदायमा फर्किन र उत्पादनलाई प्राथमिकतामा राख्न अभियान चलाउने अध्यक्ष दाहालले बताउनुभयो।

# चौरचन पर्व नजिकिँदै जनकपुरधाममा बाँस-माटोका सामग्रीको व्यापार चहकिलो




दैनिक समाचारदाता
जनकपुरधाम, ८ भदौ। मिथिलाको प्रमुख लोकपर्व चौरचन (चौठचाँद) नजिकिँदै गर्दा जनकपुरधामको बजार विशेष चहलपहलयुक्त बनेको छ। विशेषगरी पेठिया बजारमा बाँस र माटोबाट बनेका परम्परागत सामग्रीको व्यापार अत्यधिक बढेको छ।

बजारमा रंगीबिरंगी सूपा, डलिया, टोकरीजस्ता बाँसका सामग्रीसँगै दियो, मट्का (दही जमाउने भाँडो), बाटोका ढकनीलगायत माटोका भाँडाहरूको माग उल्लेख्य मात्रामा बढेको व्यापारीहरू बताउँछन्।

व्यापारी निलम कुमारीका अनुसार, सामान्य समयमा दिनमा थोरै मात्र बिक्री हुने यी सामान चौरचन नजिकिँदा ४०-५० वटासम्म सजिलै बिक्री हुने गरेका छन्। उनी भन्छिन्, "चन्द्रलाई अर्घ दिने परम्परागत चलनकै कारण यस पर्वमा बाँस र माटोका सामग्रीको माग अत्यधिक हुन्छ।"त्यस्तै, कुम्हाल समुदायकी सुखनी देवी पण्डित भन्छिन्, "हामी वर्षभरि भाँडा बनाउँछौं, तर चौरचनमा सबैभन्दा बढी आम्दानी हुन्छ। विशेष गरी दही जमाउने माटोका भाँडाको माग यति धेरै हुन्छ कि बजारमा राख्नेबित्तिकै सकिन्छ।"

पेठिया बजारमै किनमेल गरिरहेकी रुवि कुमारीले पनि प्लास्टिकका सामान उपलब्ध भए पनि चौरचनमा परम्परागत बाँस र माटोका भाँडो नै प्रयोग गर्ने चलन रहेको बताइन्। उनका अनुसार, यसले संस्कृति र प्रकृतिको संरक्षणसँगै परम्परागत कारीगरलाई रोजगारी पनि दिन्छ।

मिथिलामा मनाइने चौरचन पर्वमा घरपरिवारले चन्द्रमालाई अर्घ दिने परम्परा छ। यसका लागि परम्परागत बाँस र माटोका भाँडाको प्रयोग हुने भएकाले यो पर्व किसान, कारीगर र व्यापारी सबैका लागि रोजगारी र आम्दानीको महत्वपूर्ण अवसर बनेको छ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४